नेपाल स्टक एक्सचेन्ज लिमिटेड
(नेपाल सरकारको स्वामित्व भएको)
Nepal Stock Exchange Limited
(An undertaking of Govt. of Nepal)

पत्र संख्या :
चलानी नं. :

# प्रेस विज्ञप्ति

आज मिति २०७६/११/१४ मा धितोपत्रको दोस्रो बजार कारोबार नयाँ कीर्तिमान कायम भएको छ । यस दिन ३२,१५४ कारोबारमा ४ अर्ब १५ करोड ४८ लाख रुपैयाँ बराबरका ९९ लाख ६ हजार ९ सय ८९ कित्ता सेयर किनबेच भएका छन् । यसैगरी कारोबार सम्बन्धी अन्य परिसूचकहरुमा पनि उल्लेख्य सुधार आएको छ ।

| बुधबारको कारोबार विवरण | |
|---|---|
| जम्मा कारोबार रकम | ४ अर्ब १५ करोड ४८ लाख ८३ हजार रुपैया |
| कारोबार संख्या | ३२,१५४ |
| कारोबार भएका धितोपत्र संख्या | ९९,०६,९८९ |
| जम्मा कारोबार आदेश | १,४०,८२० |
| कारोबारमा संलग्न लगानीकर्ता | १५,९५४ |
| अनलाइन कारोबार रकम | १ अर्ब ५७ करोड ८० लाख ९१ हजार रुपैया |
| अनलाइन लगानीकर्ताको कारोबार संख्या | १४,९१५ |
| अनलाइन लगानीकर्ताले कारोबार गरेको धितोपत्र संख्या | ३९,९८,६६३ |
| अनलाइन लगानीकर्ताको कारोबार आदेश | ५०,९१३ |
| अनलाइन लगानीकर्ताको संख्या | ३,५५४ |
| जम्मा अनलाइन लगानीकर्ता संख्या | २२,१६९ |

यस अघि मिति २०७६/११/११ मा दोस्रो बजार कारोबारले नयाँ उचाई छोएको थियो । त्यस दिन ३०,४५७ कारोबारमा ३ अर्ब ६० करोड ८५ लाख रुपैयाँ बराबरका ८७ लाख ६९ हजार ५ सय २२ कित्ता सेयर किनबेच भएको थियो । गत वर्ष कार्तिक २० गतेदेखि नेप्से अनलाइन कारोबार प्रणाली (NOTS) औपचारिक रुपमा सञ्चालनमा आएपछि क्रमिक रुपमा कारोबार गतिविधि बढेको छ । नेप्सेको कारोबार प्रणालीमा सिडिएस एन्ड क्लियरिङ लिमिटेड (CDSCL) तथा नेपाल क्लियरिङ हाउस लिमिटेड ( NCHL) को प्रणालीमा आवद्ध ७५ भन्दा बढी बैंक तथा वित्तीय संस्थामार्फत कारोबार सम्बन्धी रकम तथा धितोपत्र भुक्तानी तथा राफसाफ गर्न/गराउन सकिने भए पछि आम लगानीकर्ताले यसमा सहभागी हुन सहज महसुस गरेको विश्वास नेप्सेले लिएको छ ।

मिति : २०७६/११/१४

मुराहरि पराजुली
प्रवक्ता

पो. ब. नं. १५५०, युएनआई शान्ति मार्ग, भद्रकाली काठमाडौं, नेपाल ।
P. O. Box 1550, UNI Shantimarga, Bhadrakali, Kathmandu, Nepal.
Tel.: 4250755, 4250756, 4250757, 4250758, 4250759, 4250734, 4250735 Fax: 4262538
email : info@nepalstock.com